# नेपाल प्रज्ञा-प्रतिष्ठान

## राष्ट्रिय प्रतिभा उपचार कोष सञ्चालन कार्यविधि २०६६

भाषा, साहित्य, कला, संस्कृति, नाट्य, सङ्गीत, रङ्गमञ्च, नृत्य, चलचित्र, दर्शन र समाजशास्त्रलगायत सम्पूर्ण वाङ्मयसेवी राष्ट्रिय प्रतिभाहरू बिरामी पर्दा उपचारमा पर्याप्त सहयोग उपलब्ध हुन नसक्ने अवस्था रहेको र यसका लागि आर्थिक वर्ष २०६१।०६२ देखि नेपाल प्रज्ञा-प्रतिष्ठानले सञ्चालन गर्ने गरी राष्ट्रिय प्रतिभा उपचार कोष खडा गर्न नेपाल सरकारबाट नेपाल प्रज्ञा-प्रतिष्ठानको बजेटमा प्रति वर्ष रकम विनियोजन हुँदै आएको र नेपाल प्रज्ञा-प्रतिष्ठानले क्रमशः सो कोषमा आफ्ना आन्तरिक स्रोतबाट र अन्य विभिन्न स्रोतबाट समेत यथासम्भव थप रकम जुटाउने प्रयास भई राष्ट्रिय प्रतिभा उपचार कोष सञ्चालन हुँदै आइरहेको छ । उक्त कोषलाई व्यवस्थित रूपमा सञ्चालन गर्न उक्त कोषको सञ्चालन प्रक्रियामा समसामयिक सुधार गर्दै जानु सान्दर्भिक रहेको कुरासमेतलाई दृष्टिगत गरी नेपालका राष्ट्रभाषा एवम् तिनका साहित्य, कलाकौशल, नाट्य, सङ्गीत, रङ्गमञ्च, नृत्य, चलचित्र, संस्कृति, सामाजिक शास्त्र आदि प्रज्ञाक्षेत्रका राष्ट्रिय ख्यातिप्राप्त तथा उल्लेखनीय योगदान गर्ने स्रष्टा, साधक तथा विद्वान् आदि अशक्त बिरामी पर्दा यथोचित उपचार सेवा-सुविधा पुऱ्याई सहयोग गर्ने उद्देश्यले प्रज्ञा-प्रतिष्ठान ऐन तथा नियमावलीको अधीनमा रही प्राज्ञ परिषद्ले राष्ट्रिय प्रतिभा उपचार कोष सञ्चालन कार्यविधि २०६६ बनाएको छ ।

### परिच्छेद- १
### प्रारम्भ

**१. संक्षिप्त नाम र प्रारम्भ**

(क) यस कार्यविधिको नाम राष्ट्रिय प्रतिभा उपचार कोष सञ्चालन कार्यविधि २०६६ रहेको छ ।

(ख) यो कार्यविधि प्राज्ञ-परिषद्ले पारित गरेको मितिदेखि प्रारम्भ हुनेछ ।

**२. परिभाषा**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा प्रयोग भएको :

(क) **"प्रज्ञा-प्रतिष्ठान"** भन्नाले नेपाल प्रज्ञा-प्रतिष्ठानलाई जनाउँछ ।

(ख) **"प्राज्ञ परिषद्"** भन्नाले नेपाल प्रज्ञा-प्रतिष्ठान ऐन, २०६४ को दफा ११ बमोजिमको प्राज्ञ-परिषद् सम्झनुपर्छ ।

(ग) **"कार्यविधि"** भन्नाले यस नेपाल प्रज्ञा-प्रतिष्ठान राष्ट्रिय प्रतिभा उपचार कोष सञ्चालन कार्यविधि २०६६ लाई बुझ्नुपर्छ ।

(घ) **"कोष"** भन्नाले प्रज्ञा-प्रतिष्ठानको राष्ट्रिय प्रतिभा उपचार कोष बुझ्नुपर्छ ।

(ङ) **"राष्ट्रिय प्रतिभा"** भन्नाले नेपालका राष्ट्र भाषाहरू र तिनका साहित्य, कलाकौशल, नाट्य, सङ्गीत, रङ्गमञ्च, नृत्य, चलचित्र, संस्कृति, दर्शन, सामाजिक शास्त्र आदिका क्षेत्रमा राष्ट्रिय ख्यातिप्राप्त वा उल्लेखनीय योगदान गरेका स्रष्टा र साधक व्यक्तिहरूलाई समेत जनाउँछ ।

(च) **"समिति"** भन्नाले प्रज्ञा-प्रतिष्ठानको राष्ट्रिय प्रतिभा उपचार कोष सञ्चालक समितिलाई जनाउँछ ।

(छ) **"अध्यक्ष, उपाध्यक्ष, सदस्य वा सदस्य-सचिव"** भन्नाले राष्ट्रिय प्रतिभा उपचार कोष सञ्चालक समितिका अध्यक्ष, उपाध्यक्ष, सदस्य र सदस्य-सचिव भन्ने सम्झनुपर्छ।

(ज) **"बिरामी"** भन्नाले राष्ट्रिय प्रतिभाहरूमध्ये देहायका अवस्थामा बिरामी नेपाली नागरिक सम्झनुपर्छ :-

(१) आफ्ना घर/वासस्थानमा बसी कुनै चिकित्सक, क्लिनिक, अस्पताल आदिको आवश्यक परामर्श र सम्पर्कमा रही उपचार गराइरहेको अशक्त बिरामी,

(२) अस्पताल एवम् स्वास्थ्य संस्थामा भर्ना भई अन्तरङ्ग बिरामीका रूपमा उपचार गराइराखेका अशक्त व्यक्ति,

(३) औषधी, शल्यक्रिया आदिद्वारा बढीमा १ वर्षभित्र निको हुन सक्ने किसिमको असाध्य कठिन रोग लागेको बिरामी,

(४) अति कठिन उपचार प्रक्रियाद्वारा निको हुने वा लामो समयसम्म निरन्तर उपचार प्रक्रिया चालु राख्नुपर्ने किसिमको दीर्घ रोग लागेको बिरामी व्यक्ति,

(५) उपचारपछि नियमित रूपमा यन्त्रजडान आदिसमेत गर्नुपर्ने बिरामी,

(६) कुनै प्राकृतिक प्रकोप, दुर्घटना, भवितव्य वा अन्य आकस्मिक कारणले दुर्घटित भई चोटपटक लागी अङ्गभङ्ग तथा अपाङ्गता र शारीरिक क्षति या मानसिक असन्तुलन आदि हुन पुगी उपचार गर्नुपर्ने अवस्थाको बिरामी र

(७) ज्यादै ठूलो र कठिन किसिमको उपचारका निम्ति विदेशका विशिष्ट स्वास्थ्य संस्थामा नै पठाउनुपर्ने अवस्था प्रमाणित भएको बिरामी ।

**३. कार्यविधिको व्याख्या**

यस कार्यविधिमा कुनै बाधा अड्चन आई सोको व्याख्या गर्नुपरेमा सो व्याख्या गर्ने अधिकार प्राज्ञ परिषद्मा रहनेछ ।

## परिच्छेद- २

## कोषको उद्देश्य तथा लक्ष्य

**४. राष्ट्रिय प्रतिभा उपचार कोषका निम्नलिखित उद्देश्य तथा लक्ष्यहरू हुनेछन् :**

(क) लामो समयदेखि नेपालका राष्ट्रभाषा र तिनको साहित्य, कलाकौशल, नाट्य, सङ्गीत, रङ्गमञ्च, नृत्य, चलचित्र, संस्कृति, दर्शन, सामाजिक शास्त्र आदि प्रज्ञाक्षेत्रमा राष्ट्रिय रूपमा ख्यातिप्राप्त र उल्लेखनीय योगदान गरेका स्रष्टा र साधक व्यक्तिहरूलाई बिरामी पर्दा यथोचित उपचार-सुविधा र सेवा पुऱ्याउने कल्याणकारी कार्यक्रम सञ्चालन गर्नु यस कोषको प्रमुख उद्देश्य तथा लक्ष्य रहनेछ ।

(ख) लामो समयदेखि नेपालका राष्ट्रभाषा तिनका साहित्य, संस्कृति, कला, सामाजिक शास्त्र, दर्शन, नाट्य एवम् सङ्गीत क्षेत्रमा उल्लेखनीय योगदान गरेका तर आर्थिक रूपले अत्यन्तै कमजोर भएका र शारीरिक रूपमा अशक्त तथा बिरामी स्रष्टा र विद्वान्हरूलाई भैपरी आउँदा स्वास्थ्योपचारका निम्ति यथाशक्य सहयोग पुऱ्याउने।

(ग) विभिन्न स्वास्थ्य संस्थासँग प्रज्ञा-प्रतिष्ठानका सिफारिसमा सहुलियत दरमा उपचार गर्ने र सोको निम्ति स्थान-आरक्षण गर्नेसम्बन्धी सम्झौताका निम्ति उपयुक्त वातावरण तयार पार्ने र त्यस्तो सहुलियत दरमा प्रज्ञा-प्रतिष्ठानका सिफारिसमा उपचारसुविधा प्रदान गर्ने क्लिनिक, अस्पताल आदि स्वास्थ्य संस्था तथा सामान्य तथा विशेष स्वास्थ्यसेवा प्रदान गर्ने स्वास्थ्यकर्मीहरू तोक्ने र तिनको सेवासुविधा तथा रायसुझाव प्राप्त गर्ने ।

(घ) कोषको उद्देश्य प्राप्तिका लागि रक्तदान, आँखादान आदि जस्ता क्रियाकलापहरू सञ्चालन गरी त्यसको सञ्चय गर्ने व्यवस्थासमेत मिलाई पीडित स्रष्टा तथा विद्वान्हरूलाई सहयोग गर्ने-गराउने ।

(ङ) लामो समयदेखि निरन्तर रूपमा स्रष्टा विद्वान्हरूका स्वास्थ्योपचार तथा तत्सम्बन्धी सेवासुविधा जस्ता क्षेत्रमा संलग्न तथा यस कोषलाई निरन्तर रूपमा सहयोग गर्ने व्यक्ति तथा संस्थालाई सम्मान गर्ने-गराउने ।

(च) कोषले आफ्ना आर्थिक क्षमताको सीमाका कारणले कुनै बिरामीलाई प्रदान गर्न सक्नेभन्दा ज्यादा उपचार खर्च लाग्ने किसिमका जटिल बिरामी राष्ट्रिय प्रतिभाहरूको उपचारका व्यवस्थाका निम्ति नेपाल सरकार तथा अन्य निकायसमक्ष सिफारिस गर्ने।

(छ) अत्यन्त अशक्त शारीरिक अवस्था र विपन्न आर्थिक स्थितिका बिरामी स्रष्टा-साधकहरूलाई मासिक वा आवधिक रूपमा उपचार सहयोग उपलब्ध गराउने ।

(ज) राष्ट्रिय प्रतिभा उपचार कोषको उद्देश्य तथा लक्ष्यप्राप्तिका लागि नेपाल सरकारको सहयोग निरन्तर रूपमा प्राप्त गर्ने र क्रमशः आफ्ना आन्तरिक स्रोत र अन्य विभिन्न स्रोतका सहयोगबाट पनि कोषको सुदृढीकरण र स्थायी बचत राशि बढाउँदै जाने ।

## परिच्छेद- ३
## कोषको आयस्रोत र सञ्चालन

### ५. कोषको आयस्रोत

राष्ट्रिय प्रतिभा उपचार कोषको आयस्रोत देहायबमोजिम हुनेछ :

(क) नेपाल सरकारबाट अनुदानस्वरूप प्राप्त रकम,
(ख) प्रज्ञा-प्रतिष्ठानका आन्तरिक स्रोतबाट प्राप्त रकम,
(ग) विभिन्न संस्थाहरूबाट प्राप्त अनुदान रकम,
(घ) व्यक्ति तथा सङ्घसंस्थाबाट स्वेच्छाले सहयोगस्वरूप प्राप्त भएको रकम,
(ङ) कोषले कोषवृद्धिका लागि सञ्चालित कार्यक्रमहरूबाट उठेको रकम,
(च) ब्याज तथा अन्य स्रोतबाट प्राप्त रकम ।

### ६. राष्ट्रिय प्रतिभा उपचार कोष सञ्चालक समितिको गठन

(१) राष्ट्रिय प्रतिभा उपचार कोष सञ्चालन तथा सुप्रबन्ध गर्नका लागि प्रज्ञा-प्रतिष्ठानले देहायबमोजिमको राष्ट्रिय प्रतिभा उपचार कोष सञ्चालक समितिको गठन गर्नेछ :

(क) कुलपति - अध्यक्ष

(ख) उपकुलपति - उपाध्यक्ष

(ग) सङ्घीय मामिला, संविधानसभा, संसदीय व्यवस्था तथा संस्कृति मन्त्रालयले तोकेको सहसचिव प्रतिनिधि, १ जना - सदस्य

(घ) स्वास्थ्य मन्त्रालयले तोकेको सहसचिव प्रतिनिधि, १ जना - सदस्य

(ङ) अर्थ मन्त्रालयले तोकेको सहसचिव प्रतिनिधि, १ जना -सदस्य

(च) भाषा, साहित्य, संस्कृति, समाजशास्त्र, दर्शन आदि क्षेत्रमा जनस्तरमा स्थापित संस्थामध्ये प्रज्ञा-प्रतिष्ठानको कुलपतिबाट मनोनीत प्रतिनिधि, १ जना -सदस्य

(छ) नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा-प्रतिष्ठानले तोकेको प्राज्ञ परिषद्का सदस्य १ जना -सदस्य

(ज) नेपाल ललित कला प्रज्ञा-प्रतिष्ठानले तोकेको प्राज्ञ परिषद्का सदस्य १ जना -सदस्य

(झ) नेपाल प्रज्ञा-प्रतिष्ठानका सचिव - सदस्य सचिव

(२) कोष सञ्चालक समितिले आवश्यक ठानेमा सम्बन्धित विषयका विशेषज्ञहरूलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(३) कोष सञ्चालक समितिका मनोनीत सदस्यहरूको पदावधि २ वर्षको हुनेछ ।

(४) कोष सञ्चालक समिति विशेष अवस्थामा प्रज्ञा-प्रतिष्ठानको पुनर्गठन वा भङ्ग गर्न सक्नेछ ।

(५) कोष सञ्चालक समितिको आन्तरिक कार्यविधि सो समितिले आफैं निर्धारण गर्नेछ।

(६) कोषको लेखासम्बन्धी कार्य प्रज्ञा-प्रतिष्ठानका सचिवको निर्देशनमा रही लेखा शाखाले गर्नेछ ।

**७. सञ्चालक समितिको काम, कर्तव्य र अधिकार**

कोष सञ्चालक समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :

(क) कोषको उद्देश्य एवम् लक्ष्यप्राप्तिका लागि आश्यक योजना तथा कार्यक्रम तयार गरी प्राज्ञ परिषद्बाट स्वीकृत गराई लागू गर्ने-गराउने,

(ख) कोषको सञ्चालक समितिको आन्तरिक कार्यविधि तयार गरी प्राज्ञ परिषद्बाट स्वीकृति गराई लागू गर्ने-गराउने,

(ग) कोषलाई नियमित, व्यवस्थित एवम् पारदर्शी ढङ्गले सदुपयोग गर्ने-गराउने,

(घ) प्रज्ञा-प्रतिष्ठानले समय-समयमा दिएका निर्देशनहरूको पालना गर्ने-गराउने,

(ङ) प्रत्येक वर्ष यस प्रयोजनका लागि नेपाल सरकारबाट प्राप्त अनुदान रकमको ४० प्रतिशत रकम सावाँको रूपमा स्थायी बचत गरी कोषमा जम्मा गर्ने-गराउने,

(च) सञ्चालक समितिले आफूलाई प्राप्त अधिकारमध्ये आवश्यकताअनुसार केही अधिकार कुलपति, उपकुलपति वा सचिवलाई प्रत्यायोजन गर्न सक्नेछ ।

## ८. समितिको बैठक र निर्णय

(१) कोष सञ्चालक समितिको बैठक आवश्यकताअनुसार अध्यक्षको निर्देशनअनुसार सदस्य-सचिवले बोलाउनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि एकतिहाइ सदस्यहरूले समितिको बैठक बोलाउनका लागि लिखित रूपमा माग गरेमा ७ दिनभित्र सदस्य सचिवले अध्यक्षको स्वीकृति लिई बैठक बोलाउनुपर्नेछ ।

(३) समितिको कुल सदस्य सङ्ख्याको एकाउन्न प्रतिशत सदस्यहरू उपस्थित भएमा समितिको गुणपूरक सङ्ख्या पुगेको मानिनेछ ।

(४) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ ।

(५) समितिको निर्णय सदस्य-सचिवद्वारा प्रमाणित गरिनेछ ।

(६) अध्यक्षको स्वीकृतिबिना लगातार तीन पटकभन्दा बढी अनुपस्थिति हुने सदस्यलाई समितिले चाहेमा सञ्चालक समितिबाट हटाउन सिफारिस गर्न सक्नेछ र त्यस्तो सिफारिसको कार्यान्वयन प्रतिष्ठानका कुलपतिबाट हुनेछ ।

(७) बैठकसम्बन्धी अन्य कार्यविधि समितिले निर्धारण गरेबमोजिम हुनेछ ।

(८) अध्यक्षको अनुपस्थितिमा बैठकको अध्यक्षता उपाध्यक्षले गर्नेछ ।

(९) समितिका अध्यक्षलगायत सदस्यहरूलाई बैठक बसेका दिन परिषद्ले तोकेबमोजिम बैठक भत्ता दिइनेछ ।

## ९. कोषको प्रयोग र सञ्चालन

कोषको सञ्चालन तथा प्रयोग देहायबमोजिम गरिनेछ :

(१) कुनै राष्ट्रिय प्रतिभा बिरामी परी वा दुर्घटनामा परी शारीरिक वा मानसिक रूपमा अशक्त भई सहयोग रकम उपलब्ध गराउनुपर्दा बढीमा रु. १०,०००/- (दस हजार) सम्मको रकम कुलपतिले प्रदान गर्न सक्नेछन् । तर सो प्रदान गरेको रकमको विवरण पछि बस्ने समितिको बैठकसमक्ष प्रस्तुत गर्नुपर्नेछ ।

(२) कुनै राष्ट्रिय प्रतिभा बिरामी परी वा दुर्घटनामा परी शारीरिक वा मानसिक रूपमा अशक्त हुनेजस्ता अवस्थामा राष्ट्रिय प्रतिभा उपचार कोष सञ्चालक समितिले आवश्यक छानबिन गरी औचित्य हेरी बढीमा रु. ५०,०००/- सम्मको उपचार सहयोग रकम प्रदान गर्न सक्नेछ ।

(३) उपदफा (१) वा (२) मा उल्लिखित रकमभन्दा बढी सहयोग गर्नुपर्ने अवस्था भएमा कोष सञ्चालक समितिको सिफारिसमा प्राज्ञ परिषद्द्वारा निर्णय गरी सहयोग प्रदान गर्न सकिनेछ । तर त्यस्तो सहयोग रकम रु. २,००,०००/- भन्दा बढी हुने छैन ।

(४) यस राष्ट्रिय प्रतिभा उपचार कोषको सहयोगका निम्ति राष्ट्रिय प्रतिभा स्वयं वा निजको परिवारको सदस्यले सहयोग रकम माग गरेमा तोकिएको ढाँचामा निवेदन दिनुपर्नेछ । तर राष्ट्रिय प्रतिभा वा निजको परिवारको सदस्यदले निवेदन नदिई कुनै पनि प्राज्ञिक संस्था/व्यक्तिले या अन्य कुनै सरोकारवालाले आवश्यक जानकारी प्रज्ञा-प्रतिष्ठानलाई दिन वा अनुरोध गर्न सक्नेछ । त्यस्तो सूचनालाई समेत आधार मानी सहयोग रकम उपलब्ध गराउन सकिनेछ ।

(५) माथि उल्लिखित सूचना वा निवेदनका आधारमा सङ्कलित प्रमाण-कागजातको अवलोकन तथा छानबिनसमेतका आधारमा कोष सञ्चालक समितिले सम्बन्धित बिरामी स्रष्टा-साधक व्यक्तिको रोगपरीक्षणको विवरण र उपचार-खर्चको आकलनलगायत स्वास्थ्यस्थिति, पारिवारिक एवम् आर्थिक स्थिति, निजलाई अपेक्षित उपचार-सुविधा तथा लाग्ने व्ययभार एवम् निजले प्रज्ञामा विभिन्न विषयक्षेत्रमा गरेका योगदानको विवरण आदिको बारेमा विस्तृत प्रमाणिक जानकारी सङ्कलन गरी गराई आवश्यक सहयोग रकम उपलब्ध गराइनेछ ।

(६) उपदफा (४) बमोजिम सूचना प्राप्त भएपछि सञ्चालक समितिका अध्यक्षले आवश्यक ठेगाना समितिका सदस्य तथा अन्य विशेषज्ञसमेत रहेका बढीमा ५ जनाको छानबिन समिति गठन गर्न सक्नेछ । त्यस्तो उपसमितिको प्राप्त उपचार-सहयोगसम्बन्धी सिफारिससहितको प्रतिवेदन कोष सञ्चालक समितिमा प्रस्तुत गराइनेछ ।

(७) उपचार सहयोग क्रममा अनुदान वा पछि उपचार-खर्चको प्रमाणिक विवरण पेस गर्ने गरी पेस्की खर्चसमेत दिन सकिनेछ । साथै ज्यादै अशक्त शारीरिक अवस्था भएमा उपचार सहयोग मासिक वा आवधिक रूपमा पनि दिन सकिनेछ ।

(८) कोष सञ्चालक समितिले बिरामी राष्ट्रिय स्रष्टा-साधकको स्वास्थ्य-उपचारका निम्ति सहयोग प्रदान गर्ने र सिफारिस गर्ने क्रममा बिरामीको स्वास्थ्यस्थिति, पारिवारिक आर्थिक अवस्था, प्राज्ञिक योगदान, गर्नुपर्ने उपचार र लाग्ने खर्च एवम् कोषबाट बेहोर्न सकिने रकम र सुविधा आदिसम्बन्धी उपर्युक्त विभिन्न अभिलेख राख्ने सन्दर्भमा आन्तरिक कार्यविधिअन्तर्गत आवश्यक विभिन्न प्रकारका आवेदन, विवरण सङ्कलन, आकलन, सिफारिस, मूल्याङ्कन आदिका प्रयोजनका निम्ति आवश्यक ढाँचा निर्धारित गर्ने र उपलब्धसमेत गराउन सक्नेछ ।

(९) कोष सञ्चालक समितिले बिरामी स्रष्टा-साधकलाई उपचार सहयोग प्रदान गर्दा वा सोको निम्ति नेपाल सरकार तथा अन्य निकायलाई विशेष सिफारिस गर्नुपर्दा कोषको आर्थिक क्षमताअन्तर्गत रही सामान्यतः देहायबमोजिमको आधार अवलम्बन गर्ने प्रयास गर्नेछ :

(क) अति विपन्न आर्थिक स्थितिका बिरामी राष्ट्रिय साधक तथा स्रष्टालाई अति कठिन रोगका उपचारका क्रममा खर्च भएको बिलको निम्ति यथासम्भव शतप्रतिशत उपचार सहयोग गर्ने वा यस कार्यविधिले तोकेको अधिकतम रकममध्ये जुन बढी हुन्छ सो हदसम्म उपलब्ध गराइनेछ ।

(ख) यस्तो रकम उपलब्ध गराउँदा निजको आर्थिक स्थिति, पारिवारिक स्थिति, क्षमता एवम् योगदानको अवस्थासमेत विचार गरेर सहयोग उपलब्ध गराइनेछ ।

(ग) यस दफामा उल्लिखित अवस्थामा बाहेक कोष सञ्चालक समितिले आन्तरिक कार्यविधि व्यवस्थित गरेअनुसारका विभिन्न अवस्थामा तोकिएबमोजिम सहयोग गर्ने।

(घ) विशेष किसिमको शारीरिक अशक्तता र आर्थिक विपन्नताको अवस्थामा मासिक वा आवधिक रूपमा पनि उपचार सहयोगको रकम प्रदान गर्न सकिनेछ ।

(१०) कुनै पनि राष्ट्रिय प्रतिभालाई रु. २,००,०००/- (दुई लाख) भन्दा बढी रकम उपचार खर्च लाग्ने भएमा बाँकी रकम उपलब्ध गराउन नेपाल सरकार तथा अन्य निकायमा विशेष सिफारिस गरिदिनुपर्नेछ ।

(११) राष्ट्रिय प्रतिभालाई नेपाल राज्यभित्र उपचार हुन नसक्ने भई विदेशमा लगी उपचार गराउनुपर्ने भएमा नेपाल सरकारद्वारा गठित मेडिकल बोर्डको सिफारिस आवश्यक पर्नेछ ।

(१२) यस कोषबाट अनुदान प्राप्त गर्ने व्यक्तिहरूको नामावली प्रत्येक वर्ष राष्ट्रिय पत्रपत्रिकाहरूमार्फत सार्वजनिक गरिनेछ ।

## परिच्छेद- ४
## विविध

**१०. कोषको कार्यसञ्चालन खर्च :**

कोषको उद्देश्यप्राप्तिको लागि सञ्चालन गरिने विभिन्न कार्यहरू सम्पन्न गर्नका लागि समितिले तोकिदिएको सीमाभित्र रही तोकिएको व्यक्तिले खर्च गर्न सक्नेछ र यसरी गरिएको खर्चको विवरण समितिबाट अनुमोदन गराउनुपर्नेछ ।

**११. खाता सञ्चालन**

(१) कोषमा जम्मा भएको रकम प्रज्ञा-प्रतिष्ठानद्वारा तोकिएको बैङ्कमा जम्मा गरी राखिनेछ ।

(२) खाता सञ्चालनमा एवम् लेखापरीक्षण प्रतिष्ठानको प्रचलित आर्थिक नियमअनुसार हुनेछ ।

**१२. लेखापरीक्षण**

(१) कोषको आम्दानी-खर्चको विवरण तयार गरी प्रत्येक आर्थिक वर्षमा प्रज्ञा-प्रतिष्ठानको प्रचलित नियमानुसार लेखापरीक्षण गराउनुपर्नेछ ।

**१३. कार्यविधिको संशोधन**

यस कार्यविधिमा परिमार्जन वा संशोधन गर्न आवश्यक भएमा समितिको सिफारिसमा प्राज्ञ परिषद्ले गर्न सक्नेछ ।

**१४. कोषको कर्मचारी**

कोषका कार्यसञ्चालन प्रज्ञा-प्रतिष्ठानद्वारा तोकिएको कर्मचारीद्वारा हुनेछ ।

**१५. खारेजी र बचाउ**

(१) राष्ट्रिय प्रतिभा उपचार कोष सञ्चालन कार्यविधि २०६१ खारेज गरिएको छ । साथै उक्त कार्यविधिबमोजिम गठित संचालक समिति स्वतः खारेज भएको मानिनेछ ।

(२) राष्ट्रिय प्रतिभा उपचार कोष सञ्चालन कार्यविधि २०६१ बमोजिम भए गरेका कामकारबाही यसै कार्यविधिबमोजिम भए गरेको मानिनेछ ।

# नेपाल प्रज्ञा-प्रतिष्ठान

राष्ट्रिय प्रतिभा उपचार कोष सञ्चालन कार्यविधि २०६६ को परिच्छेद ३ को दफा ९ को उपदफा (४) अनुसार सिफारिस वा आवेदनपत्रको नमुना

*राष्ट्रिय प्रतिभा उपचार कोष*

**श्रीमान् अध्यक्षज्यू,**
**राष्ट्रिय प्रतिभा उपचार कोष सञ्चाक समिति,**
**नेपाल प्रज्ञा-प्रतिष्ठान, कमलादी ।**

म मिति ............................ देखि बिरामी परी/दुर्घटनामा परी उपचार गराउनुपर्ने भएकोमा आर्थिकस्थितिको कारणले उपचार गराउन कठिनाइ उत्पन्न भएको हुनाले आवश्यक सहयोगको लागि निम्नलिखित विवरण भरी निवेदन गरेको छु । सहयोग रकम उपलब्ध गराई पाऊं ।

**खण्ड (क) व्यक्तिवृत्त**

१. **बिरामीको नाम : ...............................................................................**

२. **प्राज्ञिक प्रतिभा र योगदानको क्षेत्र : ...........................................................**

(क) भाषा, साहित्य : ...........................................................................

(ख) नाट्य, सङ्गीत : ..........................................................................

(ग) कला, कौशल : .............................................................................

(घ) संस्कृति : ....................................................................................

(ङ) सामाजिक शास्त्र : .......................................................................

(च) दर्शन : .........................................................................................

(छ) चलचित्र : ....................................................................................

(ज) नृत्य, रङ्गमञ्च : ...........................................................................

(झ) अन्य : ..........................................................................................

३. **जन्ममिति : ................................................**

४. **जन्मस्थान : ..............................................**

५. **ठेगाना : ..................................................**

(क) स्थायी ठेगाना : अञ्चल ................................ जिल्ला ............................

नगरपालिका/गाविस .................................. वडा नं. ...........................

(ख) पत्राचार गर्ने ठेगाना : टेलिफोन नं. ........................................

इ-मेल ................................................पत्रमञ्जुषा ...............................

(ग) हालको ठेगाना : ............................................................

(घ) नागरिकताको प्रतिलिपि : ....................................................................

६. **आमाबाबुको नाम :** (क)......................................... (ख)................................................

७. **विवाहित भए पति वा पत्नीको नाम तथा पेसा : .......................................................**

८. **सन्तान : .............................................................**

९. **शिक्षा : ...............................................................**

१०. **पेसागत अनुभव/सेवा : ..........................................**

११. **संस्थागत संलग्नता : ...........................................**

**<u>खण्ड (ख) प्राज्ञिक योगदान :</u>**

१. **प्रथम कृति प्रकाशित वा प्रथम सिर्जना सार्वजनिक भएको मिति : ............................**

२. **प्रकाशित पुस्तक कार कृति वा सार्वजनिक भएमा सिर्जना आदिको सङ्ख्या : ......................**

३. **प्राप्त सम्मान पुरस्कार : ....................................**

**<u>खण्ड (ग) आर्थिक स्थिति :</u>**

१. **पेसा तथा मासिक आय वा निवृत्तिभरण : ...............................................................**

२. **परिवारका अन्य सदस्यहरूको पेसा र मासिक आय निवृत्तिभरण : ..................................**

**३. आफ्नो र पारिवारिक अन्य विविध आय : ..............................................................**

**४. स्थायी सम्पत्तिसम्बन्धी उल्लेख्य विवरण : ........................................................**

**<u>खण्ड (घ) रोग र उपचारसम्बन्धी विवरण :</u>**

**१. रोगको प्रकृति र बिरामीको कारण : .......................................................**

(क) रोगको नाम : .......................................................

(ख) सामान्य वा आकस्मिक दुर्घटना : .......................................................

(ग) सामान्य उपचार वा शल्यक्रिया : .......................................................

(घ) उपचारमा संलग्न विशेषज्ञ चिकित्सकको नाम र उपचारको लागि सिफारिस : .......................................................

(ङ) अस्पताल/क्लिनिक/घरमा उपचार भएको र भइरहेको विवरण : .......................................................

(च) सामान्यतया उपचारमा लाग्ने अनुमानित खर्च : ...............................................

(छ) अन्य केही भए उल्लेख गर्ने : ................................................................

**२. विदेशमा गई उपचार गराउनुपर्ने भए :**

(क) देश : ................................ अस्पतालको नाम : ..........................................

(ख) लाग्ने समय : ............................. र खर्च : .................................................

(ग) विदेशमा गई उपचार गराउने सिफारिस गर्ने नेपाल सरकारको मान्यताप्राप्त मेडिकल बोर्डको नाम र सिफारिस समितिको राय :

..................................................................................................................

(घ) सङ्घ/संस्थाको सिफारिस भए सिफारिसकर्ताको नाम : ..............................................

(ङ) अन्य केही भए उल्लेख गर्ने : ....................................................................................

(च) उपचारपश्चात्को उपचारको अवस्था र प्रगतिबारे जानकारी गराउने :

.........................................................................................................................

मिति : ..........................                                        निवेदकको हस्ताक्षर : ...........................

**संलग्न कागजातहरूको क्रमबद्ध सूची :**

(माथिका कुनै पनि दफा-उपदफा विवरण भर्न ठाउँ अपुग भएमा सो दफा-उपदफा जनाई छुट्टै कागजमा लेखी नत्थी गर्न सकिनेछ ।)